



# फोहरमैला व्यवस्थापनमा धनकुटा नगरपालिका

पौष २०७४

# सामान्य परिचय






- स्थापना २०३५
- क्षेत्रफल : ११० बर्ग कि.मि.
- जनसंख्या: ४०५८२
- वडा संख्या : १०
- ल्याण्डफिल संचालन: बि.सं.२०६६
- दैनिक फोहर उत्पादन: ११ टन
- दैनिक संकलन : २५ घनमिटर ( लगभग ५ टन नकुहिने मात्र)
- संलग्न कर्मचारी : १८ जना
- सवारी साधन : ३ वटा ट्याटक्टर

# उदाहरण.......

- https://www.youtube.com/watch?v=KnVWyc5Zgr4&t=104s
- *https://www.youtube.com/watch?v=A1oKgZMRNfY*

Fohor Maila Byabasthapan Ko Prayas_???????? ???????????? ???????? ?????? - YouTube.MP4

# फोहरमैला उत्पादन र व्यबस्थापन

## फोहर उत्पादन

- मुख्य उत्पादक:
  घरधुरीहरु, ब्यबसायी, तरकारी बजार, पशु बध स्थल, सरकारी कार्यालय, अस्पताल, होटल, रेसटुरां
- करिव ११ टन फोहर उत्पादन/ दिन
- औषत फोहर उत्पादन १५० ग्राम / ब्यक्ति/ दिन



## फोहरको संयोजन

- ५० % कुहिने फोहर
  (घर घरमा कुहिने फोहर व्यबस्थापन)
  - गड्यौला मल, विनमा मल बनाउने, पशु आहारा
- प्लास्टिक, कागज १५ %
- अन्य फोहर बोतल, सिसा, कपडा आदि ३५%.



# फोहरमैला व्यवस्थापनमा नगरले गरेका मुख्य कामहरु



- **श्रोतमै फोहर घटाउन**
  - समुदायमा सचेतनामुलक कार्यक्रम
  - घर घरमा सेग्रीगेसन वीन वितरण
  - घर घरमा कुहिने र नकुहिने फोहर छुट्याउन प्रोत्साहन
  - फोहरबाट मल बनाउन प्रोत्साहन






## नगरले गरेका मुख्य कामहरु .......

- घरदैलो संकलन (नकुहिने मात्र)

- ल्याण्डफिलमा छुट्याउने:
  - निजि क्षेत्रसंग संझौता
  - लाभ बांडफाड









# नगरले गरेका मुख्य कामहरु ..........



ल्याण्डफिललाई पार्कमा परिणत

- ल्याण्डफिल



# नगरले गरेका मुख्य कामहरु ..........

- सिक्न र हेर्न आउने क्रम बढ्यो









# नगरले गरेका मुख्य कामहरु ..........










# नगरले गरेका मुख्य कामहरु ..........











# फोहर सङ्कलनको दैनिक कार्य तालिका सार्वजिक



# टोल संस्था परिचालन





# सिकाई

- कामको निरन्तरता
- नियमित अनुगमन
- संस्थागत संरचना
- कर्मचारी क्षमता विकास
- समुदाय परिचालन







# छापामा हामी ( कान्तिपूर दैनिक २०७१ असोज २८

## फोहोर व्यवस्थापन चुनौती

धनकुटा (कास)- सहरोन्मुख क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली र मोटरबाटोलगायत पूर्वाधार निर्माणमा विषेश पहल र लगानी गरिँदै आए पनि फोहोरमैला व्यवस्थापनबारे उचित चासो दिएको पाइँदैन । उचित विस्थापन केन्द्रको व्यवस्था नभएकाले जनसंख्याको चापसँगै बढ्दो फोहोरमैला र ढलनिकासको अस्तव्यस्तता टाउको दुखाइको विषय बन्दै गएको छ ।

सुविधाको खोजीमा दुर्गम क्षेत्रबाट सहरोन्मुख क्षेत्रमा बसाइँ सर्ने क्रम बढेसँगै फोहोरको मात्रा बढ्दो छ । धनकुटाको पाख्रिबास बजारका स्थानीयले फोहोरमैला व्यवस्थापन केन्द्रका लागि लिएको ५ रोपनी जग्गा पँहुचमार्ग र पूर्वाधार अभावमा प्रयोगमा आउन सकेको छैन । जसले गर्दा बजारबाट निस्कने फोहोर सडक छेउमै फाल्नुपर्ने बाध्यता छ ।

फोहोर व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गा खरिद, पहुँच मार्ग र पूर्वाधार निर्माणका साथै फोहोर ढुवानीका लागि सवारी खरिद गर्न नसकिएको पूर्वगाविस अध्यक्ष डागमकुमार राईले बताए । परेवादिन गाविसको सिंधुवा बजारका लागि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न ४० रोपनी जग्गा जुटेको छ तर पूर्वाधार निर्माणमा लाग्ने खर्च जुटाउने माध्यम नभएपछि प्रयोगमा आउन नसकेको स्थानीय अर्जुन घिमिरेले बताए ।

पाख्रिबास र सिंधुवा त केही उदाहरणमात्र हुन्, धनकुटाका प्रायः नगर तथा सहरोन्मुख राजारानी, डाँडाबजार, भेडेटार, मूलघाट, जोरपाटीलगायतका स्थानमा फोहोरमैला र ढलनिकासको व्यवस्थापन चुनौतीको विषय बनेको छ । उचित व्यवथापन केन्द्रको अभावमा जथाभावी फालिने फोहोर र खोलमा मिसाइने ढलबाट उत्पन्न दुष्प्रभाव पानीका मुहान र वातावरणमा देखिने गरेको छ ।

**फोहोरलाई मोहरमा परिणत**

धनकुटा नगरपालिकाले फोहोरलाई मोहरमा परिणत गर्ने उद्देश्यसहित आम्दानी लिन थालेको छ । नगरपालिकाले कचिडेमा करिब ४ करोड रुपैयाँको लागतमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरी अस्पतालजन्य फोहोर, मृत जीवजन्तु, मानव शौचालय, प्लास्टिक र धातुजन्य फोहोरलाई छुट्याएर बिक्री गर्न थालेको हो ।

नगरबाट संकलित गल्ने फोहोरलाई एरोबिक कम्पोस्टिङ गर्ने गरिएको छ भने प्लास्टिक र धातुका सामग्री छानेर २ देखि १२ रुपैयाँसम्ममा बिक्री गर्ने गरिएको धनकुटा नगरपालिका वातावरण शाखा प्रमुख उपेन्द्र खनालले बताए ।



धनकुटाको सल्लेरीमा निर्मित फोहोरमैला व्यवस्थापन केन्द्र । यहाँ ल्याइने फोहोर छानेर बिक्री गर्ने गरिएको छ ।

*तस्बिर : विनोद/कान्तिपुर*

## धनकुटाको नमुना व्यवस्थापन

**विनोद घिमिरे**

धनकुटा- अरूतिर फोहोरले बजार दुर्गन्धित हुने क्रम बढिरहेका बेला धनकुटा नगर क्षेत्रमा भने समस्या समाधान भएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त जगेडा कोष र आन्तरिक स्रोतको तीन करोड लागतमा निर्मित फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भएर चार वर्षअघि नै सञ्चालनमा आइसकेको छ ।

३० रोपनी क्षेत्रफलको केन्द्रले नगरको फोहोर ३० वर्षसम्म धान्न सक्ने वातावरण शाखा प्रमुख उपेन्द्र खनालले बताए । 'यो केन्द्र मिथेन ग्यास उर्त्सजनरहित पनि छ,' उनले भने । सदरमुकाम धनकुटा र हिले बजारबाट दैनिक १३ मेट्रिक टन फोहोर जम्मा हुन्छ । नगरपालिकाले मृत जीवजन्तु, मानव शौचालय तथा घरबाट निस्किने गल्ने फोहोरलाई एरोबिक कम्पोस्टिङ गरेर मल बनाउँछ ।

अस्पतालबाट निस्किने, कागज, काँच, प्लास्टिक र धातुजन्य फोहोर छुट्याएर बिक्री गर्दै आएको छ । केन्द्रमा ३७ प्रतिशत गल्ने फोहोर संकलन हुन्छ । यस्तै, २५ प्रतिशत रबर, १२ प्रतिशत कपडा, १० प्रतिशत प्लास्टिक, आठ प्रतिशत कागज र चार प्रतिशत पुराना निर्माण सामग्रीका साथै टिन, फलाम र विद्युतीय सामग्रीजन्य फोहोर जम्मा हुन्छ । उक्त फोहोर छानेर स्थानीय व्यापारीमार्फत बिक्री गर्दै आएको छ ।

# क्रमस........(गोरखापत्र २०७२ श्रावण १५ गते)

# फोहोर फाल्ने स्थल पनि पर्यटकीय क्षेत्र बन्दै !

▪ धनकुटा समाचारदाता



धनकुटा, साउन १५ गते। उचित व्यवस्थापन र विकल्प सोच्न सकेमा फोहोरबाट मोहोर त छँदै छ, फोहोर फाल्ने ठाँउ डम्पिङ्ग साइटसमेत पर्यटकीय स्थल बन्नसक्छ भन्ने उदाहरण प्रस्तुत भएको छ– धनकुटा नगरपालिकामा।

फोहोरजन्य पदार्थलाई कम्पोस्ट मलमा परिणत गरी आकर्षक रूपमा फूलबारी र अन्य हरियाली बगैंचाको निर्माण गरिएपछि धनकुटा नगरपालिकाद्वारा सञ्चालनमा ल्याइएको धनकुटा नगरपालिका वडा नं. ३ स्थित सल्लेरी जङ्गलभित्रको डम्पिङ्ग साइट अहिले पर्यटकीय स्थलका रूपमा स्थापित हुन थालेको हो।

वि.सं. २०६५ सालबाट सञ्चालनमा आएको डम्पिङ्ग साइट धनकुटा नगरबासी र अन्य धनकुटा आउने जोकोही आन्तरिक पर्यटकका लागि गतिलो गन्तव्यका रूपमा स्थापित हुन थालेको छ। ३० रोपनी क्षेत्रफलमा फैलिएको उक्त डम्पिङ्ग क्षेत्रमा आएको फोहोरलाई दुई तरिकाले व्यवस्थापन गर्ने गरिएको छ। कुहिने फोहोरलाई मल बनाई फूलबारी र बगैंचामा प्रयोग गर्ने गरिएको छ भने नकुहिने र पुन: प्रयोग गर्न सकिने फोहोरलाई बेच्ने गरिएको छ। यसका लागि धनकुटा नगरपालिकाले निजी व्यवसायीसँग नकुहिने फोहोर निकाल्ने व्यवसायीसँग वार्षिक २० हजार रुपियाँ लिने गरेको छ।

धनकुटा आउने नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूअन्तर्गत नेपाल सरकारका मन्त्री र बिदामा बस्नुभएका नेपाल सरकारका मुख्यसचिव लीलामणी पौडेललगायतका उच्चपदस्थ अधिकारीको समेत उक्त क्षेत्रमा अनुगमन र भ्रमण भइसकेको छ। दैनिक पाँच ट्र्याक्टर फोहोर आउने उक्त डम्पिङ्ग साइटमा नकुहिने फोहोर र पुन: प्रयोग गर्न सकिने फोहोर निकाल्ने निजी व्यवसायीले छजनालाई रोजगारी दिनुभएको छ फोहोर सङ्कलनका लागि।

धनकुटा नगरपालिकाका कार्यकारी अधिकृत तीर्थप्रसाद घितालका अनुसार धनकुटा नगरपालिकाको मुख्य उद्देश्य सकेसम्म फोहोर कम उत्सर्जन गर्ने घटाउने, पुन: प्रयोग गर्ने र फोहोर नै कम निकाल्ने रणनीतिअनुरूप अहिले नगरपालिकाले सञ्चालन गरेको डम्पिङ्ग साइट सबैको आकर्षणको केन्द्र बन्दै गएको बताउनुहुन्छ।

कार्यकारी अधिकृत घितालका अनुसार पहिला नगरपालिकाका लागि फोहोर विसर्जन चुनौतीका रूपमा रहेकोमा अहिले भने फोहोरबाट मोहोर त छँदै छ, यसका अतिरिक्त समुचित व्यवस्थापन गर्न सकेमा थप आयस्रोत पनि हुनसक्ने उदाहरण बन्दै गएको बताउनुभयो। "फोहोर ट्र्याक्टरबाट ल्याएर खन्याएर फर्किएको भए यस्तो हुँदैन थियो तर फालिएको फोहोरलाई समेत व्यवस्थापन गरिएपछि यो अवस्था आएको हो," उहाँले थप्नुभयो।

यसैगरी, यता धनकुटा नगरपालिकाके वातावरण अधिकृत उपेन्द्र खनालका अनुसार सुरुमा फोहोर व्यवस्थापन परीक्षणका रूपमा सुरु गरिएको तर अहिले भने सबैको गन्तव्य बन्दै गएको र यसका लागि कुनै एक व्यक्तिको प्रयासमात्र नभएर सबै सरोकारवाला निकायको सकारात्मक सहयोग र काम गर्नेको समर्पणले नै यो अवस्था सिर्जना भएको बताउनुभयो। नगरपालिकाले डम्पिङ्ग साइटमा वर्षौं भरीले बनाएको खाल्टाखुल्टीहरू र पीडीहरूमा नकुहिने फोहोर व्यवस्थापन गर्नका लागि फोहोर डम्पिङ्ग गर्ने र उक्त भीडी पुरिँदै गएपछि त्यही फोहोरलाई माटोले पुरेर त्यहीमाथि फूलबारी र बगैंचा निर्माण गर्ने गरिएका कारण डम्पिङ्ग साइट पार्कजस्तो बन्न थालेको छ।

# क्रमस........(२०७१ मङ्सिर १ गते कान्तिपूर दैनिक)

सम्पादकीय

## फोहोरको दीर्घकालीन समाधान

धनकुटा नगर क्षेत्रबाहेक पूर्वका सबैजसो नगरपालिकाका लागि फोहोरमैला व्यवस्थापन निकै ठूलो टाउको दुखाइको विषय बनेको छ । पूर्वी नेपालको सबैभन्दा पुरानो विराटनगर उपमहानगरपालिकादेखि दमक, बिर्तामोड, सुरुङ्गा, भद्रपुर, इटहरी, धरान आदि अधिकांश फोहोरमैला व्यवस्थापनको चुनौतीसँग जुधिरहेका छन् । जस्तो कि, विराटनगर उपमहानगरपालिकाले ल्यान्डफिल साइटको योजना दुईपटक बनाए पनि उक्त योजना तुहिएपछि उसले फोहोर व्यवस्थापनको अर्को कुनै दीर्घकालीन समाधान खोज्न सकेको छैन । २०३५ सालमा नगरपालिका घोषित भएको दमक नगरपालिकासँग पनि फोहोरमैला व्यवस्थापन गर्ने कुनै ल्यान्डफिल साइट छैन न त त्यसको जोहो गर्ने कुनै योजना बनेको छ । नगर क्षेत्रमा जथाभावी फोहोर फाल्ने क्रम बढेकाले नगरवासी दुर्गन्धमै रहन बाध्य छन् । बिर्तामोड नगरपालिकामा रहेको अदुवा खोला दुर्गन्धित भएपछि यसपालि स्थानीयवासीले उक्त खोलामा छठ पूजासमेत गरेनन् । दमक वा बिर्तामोड मात्रै होइन, पूर्वका सबैजसो नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापन एउटा ठूलो चुनौती बन्दै जाँदा त्यसको व्यवस्थापनको दायित्व बोकेका जिम्मेवार निकायहरूचाहिँ जनस्वास्थ्यसँग सीधा जोडिएको यो विषयप्रति उतिसारो गम्भीर देखिँदैनन् ।

जनसंख्याको वृद्धि र सहरीकरणसँगै मुलुकमा विभिन्न ठाउँहरू नगरोन्मुख हुँदैछन् । सरकारले नगर क्षेत्रको विस्तार गर्दै लगेको छ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरू घोषणा गर्ने क्रम तीव्र बढेको छ । यतिबेला महानगर, उपमहानगरसहित भन्डै १ सय तीस नगरपालिका छन् । अरू थुप्रै नगरपालिकाहरू प्रस्तावित गरिएका छन् र घोषणाको तयारीमा सरकार लागेको छ । तर सरकारले नगरपालिका घोषणा गर्ने कामलाई तीव्रता दिँदै गर्दा यसको आवश्यक भौतिक पूर्वाधार निर्माणलाई चाहिँ चटक्कै बिर्सेको छ । फोहोरमैला व्यवस्थापनको समस्या त एउटा अंश मात्रै हो । नगर क्षेत्रका बाटाघाटा, शौचालय, शिक्षा, स्वास्थ्यको व्यवस्था, यातायात सेवालगायतका जनताका आधारभूत सेवा सुविधाको व्यवस्थापन गर्न सके मात्रै नगरपालिका बन्नुको सार्थकता हुन्छ । तर भएकै नगरपालिकाहरूमा कम्तीमा फोहोरमैला व्यवस्थापनको जोहो नहुँदै सहरहरू थप्दै जानुको अर्थ छैन । अहिले पूर्वका सहरहरू कतिपय नगरपालिकामा रूपान्तरण भएको वर्षौं भइसक्दा पनि फोहोरमैला व्यवस्थापन गर्न नसक्ने टीठलाग्दो अवस्थाले सरकारलाई गिज्याइरहेको छ ।

फोहोरमैला व्यवस्थापन जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने संवेदनशील विषय हो । यसको समयमा नै व्यवस्थापन नहुँदा विभिन्नखाले रोग र संक्रमणको खतरा रहन्छ । त्यसकारण यसको व्यवस्थापनको जिम्मा सरकार र मातहतका निकायहरूको हो । यसको व्यवस्थापनमा ती निकायहरू संवेदनशील हुनु जरुरी छ । पूर्वका जिल्लाहरूले भोगेको फोहोरमैलाको समस्या राजधानीले समेत बेलाबखत भोग्दै आएको छ । सार्क तयारीमा जुटेको राजधानी अन्य समयभन्दा सफा र सुन्दर हुँदै गरे पनि कुनै बखत फोहोरमैला व्यवस्थापन यहाँको पनि ठूलो चुनौती हो । अहिले पूर्वका जिल्लाहरूमा पनि यो समस्या थप बढ्दै गएको देखिन्छ । सरकारले पूर्वेली जनताको यो समस्यालाई सम्बोधन गर्नु जरुरी छ ।

फोहोरमैलाको व्यवस्थापन गर्न सरकारले तत्काल र दीर्घकालीन उपाय खोज्नु आवश्यक हुन्छ । अहिले फोहोरमैलाको दुर्गन्ध खेप्न बाध्य नगरहरूमा तत्काल सरसफाइको प्रबन्ध गर्दै यो चुनौतीको दीर्घकालीन व्यवस्थापनको उपाय खोजिनु जरुरी छ । दीर्घकालीन ल्यान्डफिल साइट वा फोहोर व्यवस्थापनका उपाय खोजिनु सरकारको मुख्य प्राथमिकता हुनुपर्छ । हामीसँग सहरमा उत्पादन हुने फोहोरमैला सहरमै व्यवस्थापन गर्न सक्ने अवस्था र विकल्पका उपाय छैनन् । सहरका फोहोर व्यवस्थापनका लागि सहर क्षेत्र वरपरका गाउँका भीर पाखा खोज्नुपर्ने बाध्यता छ । सरकारले सहरको फोहोर गाउँतिर लानेभन्दा पनि सधैंको चुनौतीका रूपमा रहेको फोहोरमैला व्यवस्थापनको दीर्घकालीन उपाय खोजी गर्नु आवश्यक छ ।

# क्रमस........(नागारिक दैनिक २०७० चैत्र १७ तथा अन्नपूर्ण पोष्ट २०७२ जेठ ३ गते)



## गडयौला पालनबाट कम्पोस्ट मल



## फोहोर व्यवस्थापन स्थल बन्यो फूलबारी

# क्रमस........(कान्तिपूर दैनिक २८ फागुन २०७१)

## फोहोर तह लगाउन घरैपिच्छे गँड्यौला पालन

**विनोद घिमिरे**

धनकुटा- घरबाट निस्कने फोहोर तह लगाउन धनकुटा नगरपालिकाले नगरका हरेक घरमा गड्यौला पालन अनिवार्य गरेको छ। फोहोरको दीर्घकालीन व्यवस्थापन गर्न नगरपालिकाले यस्तो योजना ल्याएको हो।

यसका लागि गृहिणीहरूलाई गड्यौला पालन तालिम र निःशुल्क 'बीउ गड्यौला' वितरण गरेर कम्पोष्ट मल बनाउन प्रोत्साहन गरिएको छ। ३ करोड रुपैयाँको लागतमा चार वर्षअघि फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइएको थियो।


कार्यकारी अधिकृत अग्निप्रसाद अधिकारीले 'वातावरणमैत्री गड्यौला पालनबाट नगरबाट निस्कने ३७ प्रतिशत गल्ने फोहोरलाई घरैमा व्यवस्थापन गर्न सकिने बताए। उनले भने, 'यसले गर्दा २५ वर्ष अनुमान गरिएको ल्यान्डफिलको आयु अरू १५ वर्ष बढाउन सकिन्छ।'

भान्साबाट निस्कने फोहरलाई मल बनाउन तालिम र सहुलियतमा 'कम्पोष्ट बिन' वितरण गरिएको उनले बताए। ९० प्रतिशत प्रांगारिक वस्तु र १० प्रतिशत माटो खाने गड्यौलाले खेतीको माटो खुकुलो पार्छ।

करिब ६ सेन्टिमिटर लामो गड्यौला सतहको केही मुनि बसेर मल बनाउँछ। गड्यौला पालनको मुख्य उद्देश्य फोहोरको मात्रा कम गर्दै प्रांगारिक मल उत्पादन गरी रासायनिक मलको प्रयोग घटाउनु हो। नगरपालिका वातावरण शाखा प्रमुख, उपेन्द्र खनालले गँड्यौला उत्पादन स्रोत केन्द्र खोल्न पहल थालिएको बताए।

उनले भने, 'समुदायकै सहकार्यमा उत्पादन केन्द्र बनाएर बिक्रीको वातावरण बनाउँछौं।' विश्व बैंक र फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रसँगको सहकार्यमा पहिलो चरणमा धनकुटा बजारका एक सय जना गृहिणीलाई गड्यौला पालन तालिम र जनही २ सय ५० ग्राम गड्यौला वितरण गरिएको छ। तरकारीका बोक्रा, कार्टुन, कागज लगायत भान्साबाट निस्कने फोहोर खुवाएर गड्यौलाबाटै मनग्गे भर्मी कम्पोष्ट बन्न थालेपछि स्थानीयले घरेलु नर्सरी, कौसीखेती र करेसाबारीमा रासायनिक मलको प्रयोग घटाउँदै लगेका छन्। कौसीखेती गर्दै आएकी गीता श्रेष्ठले भनिन्, 'जतिधेरै गड्यौला, उति धेरै मल हुन्छ।'

नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्रमा हिले र धनकुटा बजारबाट दैनिक १३ मेट्रिकटन फोहोर जम्मा हुन्छ। जसमध्ये घरबाट निस्कने गल्ने फोहोरको मात्रा ३७ प्रतिशत छ। यस्तै, २५ प्रतिशत रबर, १२ प्रतिशत कपडा, १० प्रतिशत प्लास्टिक, ८ प्रतिशत कागज र ४ प्रतिशत पुराना निर्माण सामग्रीका साथै टीन, फलाम र विद्युतीय सामग्रीजन्य फोहोर जम्मा हुन्छ।



# क्रमस........(कान्तीपूर दैनिक २०७१ माघ १ गते)

# नगर सफाइमा विद्यार्थी



नगर सफाइमा धनकुटाका विद्यार्थी । तस्बिर : विनोद/कान्तिपुर

**विनोद घिमिरे**

धनकुटा- सदरमुकामको गोकुण्डेश्वर उमावि कक्षा १० मा पढ्ने पवन दाहाल विद्यालय जादा/आउँदा बाटो आसपासमा घर भएकालाई जथाभावी फालिने फोहोरमैलाले मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक प्रभावबारे बुझाउँछन् ।

उनका साथी उज्ज्वल खनाल पनि बाटोमा फोहोर फालेको देख्नेबित्तिकै सचेत गराइहाल्छन् । उज्ज्वल भन्छन्, 'ठूलाले फाले हामी आफैं गएर उठाइदिन्छौं ।' पवन र उज्ज्वलजस्तै विभिन्न विद्यालयमा अध्ययनरत नुनथला बाल क्लबमा आबद्ध २६ बालबालिकाले 'सफा नगर' का लागि अभियान चलाएका छन् ।

क्लबमा सबै १६ वर्षभन्दा मुनिका बालबालिका छन् । क्लबमा हरेक १५ दिनमा सार्वजनिक स्थल सफाइको नियम बनाइएको छ । उनीहरूको भेलाले बढी सरसफाइ र सचेतना आवश्यक ठानेको ठाउँको टुंगो गर्छ । बाल क्लबमा आबद्ध सबै कुचो, पन्जा, बोरा, सुइरो र मास्क लिएर निस्कन्छन् । बालबालिकाले संकलन गरेको प्लास्टिक र फोहोर नगरपालिकालाई जिम्मा लगाउँछन् ।

नुनथला बाल क्लबका सचिव पवन दाहालले भने, 'हामी आफैं गरेर वातावरण प्रदूषणबाट हुने दुष्प्रभावबारे समाजलाई बुझाउँछौं ।' बालबालिकाले बेपर्वाह फालिने पेय पदार्थका सिसा, प्लास्टिकका बोतल र प्लास्टिक झोलाले वातावरणमा पार्ने नकारात्मक प्रभाव र तिनको उचित विस्थापनबारे समुदायमा बताउने गरेका छन् ।

सुझाव र चेतावनी अटेर गरी फोहोर गरिरहनेलाई नगरपालिकासँगको समन्वयमा फोहोरमैला व्यवस्थापन ऐनअनुसार कारबाही स्वरूप जरिवाना गराउँछन् । जरिवानाबापत उठेको केही प्रतिशत रकम बाल क्लबलाई नै दिने विषयमा छलफल भइरहेको धनकुटा नगरपालिका वातावरण शाखा प्रमुख उपेन्द्र खनालले बताए ।

बालबालिकाले थालेको यस्तो अभियानमा 'लाजगाल' स्थानीयले पनि सघाएकै छन् । क्लबका कोषाध्यक्ष सुमित्रा अधिकारीले भनिन्, 'घरअगाडि गएर बढार्न थालेपछि लाजैले पनि निस्कन्छन्, हाम्रो उद्देश्य पनि सरसफाइका लागि जिम्मेवार गराउनु नै हो ।' बालबालिका आफैं सरसफाइमा निस्कन थालेपछि नगरपालिकाले उनीहरूलाई तालिम र औजार दिने जनाएको छ ।

# क्रमस........(कान्तीपूर दैनिक २०७२ असार २२ )

# डम्पिङ साइट बन्यो फूलबारी पार्क

**विनोद घिमिरे**

धनकुटा– डम्पिङ साइटलाई धनकुटा नगरपालिकाले भने फूलबारी पार्क बनाएर नमुनायोग्य काम गरेको छ । दुर्गन्धित फोहोरको डङ्गुरमाथि मगमगाउँदा ४३ भन्दा बढी जातका फूल ढकमक्क फुलेका छन् । धनकुटा नगरपालिकाका वातावरण शाखा प्रमुख उपेन्द्र खनाल फोहोरको उचित व्यवस्थापनले वातावरणमैत्री स्वच्छ सहरको योजनालाई मूर्तरूप दिन सकिने बताउँछन् । 'फोहोरमाथि नै बेलीचमेली फुलाएर आकर्षण दिने लक्ष्यमा छौं ।' खनाल भन्छन्, 'खेर जाने कुनै चीज छैन, सबै फोहोरबाट मोहर मात्रै होइन, स्वच्छता र सुन्दरता पनि सम्भव छ ।' धनकुटा नगरपालिकाले वडानम्बर ३ को सल्लेरीमा सञ्चालनमा ल्याएको फोहोर व्यवस्थापन केन्द्र वरिपरि बाढी र भूक्षयले पारेका ठूल्ठूला खाल्डा पुरेर चिटिक्क परेको पुष्प वाटिका तयार पारेको हो ।

धनकुटा बजार र हिलेबाट दैनिक संकलन हुने फोहोरमा मिसिएर आउने फलाम, काँच, कपडा, टुटेफुटेका विद्युतीय सामग्री, प्लास्टिक बोतलका साथै कार्टुन छानेर बिक्री गरी बाँकी रहेको फोहोरले 'ल्याण्ड फिल' आसपासका खाल्डा पुर्दै आएको छ । नगरवासीसँगको साझेदारीमा घरबाट निस्कने कुहिने र नकुहिने फोहोर छुट्याउन नीलो र रातो बाल्टी वितरण गरिएको छ । 'मिथेन' ग्यास उत्सर्जनरहित दाबी गरिएको केन्द्रमा सदरमुकाम धनकुटा बजार र हिलेबाट दैनिक १३ मेट्रिकटन फोहोर जम्मा हुन्छ । नगरपालिकाले मृत जीवजन्तु, मानव शौचालय तथा घरबाट निस्कने गल्ने फोहोरलाई एरोबिक कम्पोस्टिङ गरी मलका



धनकुटा नगरपालिकाको सल्लेरीमा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा फोहोरको डङ्गुरमाथि बनाइएको पुष्प वाटिका ।

*तस्बिर: विनोद घिमिरे/कान्तिपुर*

लागि प्रयोग गर्दै आएको छ भने अस्पतालबाट निस्कने, कागज, काँच, प्लास्टिक र धातुजन्य फोहोर छुट्याएर बिक्री गर्दै आएको छ ।

केन्द्रमा ३७ प्रतिशत गल्ने फोहोर संकलन हुन्छ । यस्तै २५ प्रतिशत रबर, १२ प्रतिशत कपडा, १० प्रतिशत प्लास्टिक, ८ प्रतिशत कागज, ४ प्रतिशत पुराना निर्माण सामग्रीका साथै टिन, फलाम र विद्युतीय सामग्रीजन्य फोहोर जम्मा हुन्छ । नगरपालिकाले उक्त फोहोर छानेर स्थानीय व्यपारीमार्फत बिक्री गर्छ । वातावरण शाखा प्रमुख खनालले आउँदो ३० वर्षसम्म फोहोर व्यवस्थापनमा समस्या नहुने बताए । उनले भने, 'यही विशेषताले गर्दा वातावरणीय प्रभाव मूल्यांकनमा काठमाडौं, पोखरा, दाङ, पाल्पालगायत मुलुकका अन्य दस स्थानका फोहोर व्यवस्थापन केन्द्रको दाँजोमा धनकुटा उत्कृष्ट ठहरिएको छ ।' फूलबारी पार्क बनेपछि उक्त स्थान फोहोरमैला व्यवस्थापनका लागि सिकाइको थलो बनेको छ ।

फोहोरमैला व्यवस्थापनको यो तरिका साटासट गर्न टाढाबाट आउनेहरूसमेत यहाँको अभ्यास देखेर दंग पर्ने गरेका छन् । वातावरणमैत्री शासनमा शोधपत्र तयार गरिरहेकी लहानकी जानकी चौधरीले 'धेरै नभई फरक' गरिएको अनुभव सुनाइन् । भन्छिन्, 'फोहोर व्यवस्थापनको समस्या भएका धेरै स्थानमा यो विधि उपयुक्त छ ।' यसले वातावरणमैत्री शासनमा टेवा पुग्ने उनले बताइन् ।

'सुन्दरता मात्रै होइन, फोहोरबाट निस्कने प्रदूषित ग्यासले प्रभावित क्षेत्रका मानिस र जीवजन्तुको स्वास्थ्यमा असर नपरोस् भन्नेमा सचेत छौं ।' कार्यकारी अधिकृत तीर्थप्रसाद घितालले भने, 'यसका लागि व्यवस्थित योजनासहितका कार्यक्रम बनाएर नगरवासीसँग हातेमालो गर्छौं ।' सफा सहर अभियानलाई सार्थक बनाउन प्लास्टिक झोला प्रयोगमा प्रतिबन्ध लगाएको धनकुटा नगरपालिकाले घरभित्रको फोहोर न्यूनीकरणका लागि घरैपिच्छे गड्यौला पालन, बायोग्यास निर्माण र मानव मलमूत्र संकलन गरी कम्पोस्ट मल बनाउने कामलाई प्रोत्साहन गरेको छ ।

# क्रमस........(नेपाल साप्ताहिक २०७२ भाद्र २० )

जीवनको रंग



तस्बिर : विनोद घिमिरे

# सफाइ सारथि

के फोहर बेचेर पनि जीविका चलाउन सकिएला ? लगाव र इमानदारी भए जुनसुकै काममा कमाइ, सामाजिक प्रतिष्ठा र पहिचान सम्भव छ भन्ने पुष्टि गरेका छन्, धनकुटाका कौशल थापा, ४१, ले । उनले फोहर बेचेरै बर्सेनि २० लाख रुपियाँभन्दा बढी कमाउन थालेका छन् ।

मोरङ, टंकीसिनवारीका स्थायी बासिन्दा थापा १३ वर्षअघि रोजगारीको खोजीमा पहाडतिर भौंतारिए । समाजले भन्ने गरेको 'ठूलो र राम्रो' कामको महत्त्वाकांक्षा उनले राखेनन् । र रोजे, खोला-खोल्सी, सडकका नाली, घर-पसलका रछ्यानमा थुप्रिएको फोहरको डङ्गुर ।

फोहर उठाउने कामबाट उनको जीविका मात्रै चलेको छैन, धनकुटा नगरपालिकाले चलाएको 'सफा नगर' अभियानमा सहयोग पनि मिलेको छ । तीन वर्षयता उनलाई धनकुटा नगरपालिकाले सञ्चालनमा ल्याएको फोहरमैला व्यवस्थापन केन्द्रमा दैनिक थुप्रिने करिब १३ मेट्रिक टन फोहरमा मिसिएर आउने फलाम, काँच, कपडा, टुटेफुटेका विद्युतीय सामग्री, प्लास्टिकका बोतल, पुराना जुत्ता-चप्पल, कागजलगायतका सामग्री छुट्याएर बिक्री गर्ने जिम्मा पनि उनैलाई छ ।

यसैबाट उनको ११ जनाको संयुक्त परिवार चलेको छ । चल्ती र बढी मूल्यांकन भएको सदरमुकामको मध्यभागमा आफ्नै घडेरी र त्यसमा एउटा घर ठडिएको छ । छोराछोरीलाई राम्रो स्कुलमा पढाएका छन् । सबैले छिछि र दूरदूर गर्ने फोहरमा हात गाड्ने उनी अब एक्ला छैनन् । यसै काममा १० जनालाई रोजगारी दिएका छन् । तिनीहरूले पारिश्रमिक स्वरूप जनही मासिक १० हजार ५ सय रुपियाँ पाउँछन् ।

उनीहरू हरेक दिन हिले र सदरमुकाम धनकुटा बजारबाट केन्द्रमा ल्याइने १३ मेट्रिक टन फोहर छानेर छुट्याउँछन् । विसर्जन भएको फोहर छानेर बेचेबापत धनकुटा नगरपालिकालाई थापाले वार्षिक २० हजार रुपियाँ बुझाउँदै आएका छन् । उनको बुझाइमा उत्पादक नै व्यवस्थापनको पहिलो जिम्मेवार हो भन्ने कुरा बुझाउन सके फोहर समस्या होइन ।

धनकुटा नगरपालिका वातावरण शाखा प्रमुख उपेन्द्र खनाल व्यवस्थापन केन्द्रमा जम्मा हुने ७० प्रतिशत फोहर कौशलले बेच्ने गरेको बताउँछन् । उनका अनुसार नकुहिने फोहरको अधिकांश मात्रा घट्ने भएकाले केन्द्रको आयु १५ देखि २० वर्ष लम्बिने अवस्था छ । यहाँ ३७ प्रतिशत गल्ने फोहर संकलन हुन्छ । यस्तै २५ प्रतिशत रबर, १२ प्रतिशत कपडा, १० प्रतिशत प्लास्टिक, आठ प्रतिशत कागज, चार प्रतिशत पुराना निर्माण सामग्रीका साथै फलाम तथा विद्युतीय सामग्री, काँच, तामा र पित्तलजन्य फोहर जम्मा हुन्छ ।

यी सबै फोहर थापाले धरान, विराटनगर, इटहरी, इनरुवा र भारतीय सहर जोगवनीसम्म पुर्‍याउँछन् । हरेक फोहर प्रतिकिलो तीनदेखि सात सय रुपियाँमा बिक्री हुन्छ । मृत जीवजन्तु, मानव शौचालय र भान्छाबाट निस्कने कुहिने फोहरबाट नगरपालिकाले कम्पोस्ट मल बनाउँछ । बाँकी रहेको फोहरले केन्द्रवरिपरि खहरे र भूक्षयले पारेका ठूलठूला खाल्डा पुर्ने गरिएको छ । फोहर पुरेरै रमाइलो फूलबारी पार्क बनाइएको छ । फोहर व्यवस्थापनको यस्तो विधि जान्न र हेर्न विभिन्न ठाउँबाट मान्छेहरू आइरहन्छन् ।

पहिले उनलाई देखेर घिनाउनेहरू अहिले आफू फोहरी भएको ठानेर सर्माउँछन् । सुनाउँछन्, "पहिला-पहिला बोरा बोकेर आँगन छिर्दा फोहरवाला आयो भन्नेहरू अहिले फोहर गर्ने आफूहरू नै भएको महसुस गर्छन् । फोहर गर्नेभन्दा सफा गर्ने कामलाई राम्रो पनि ठान्छन् ।" थापाको मुखमै झुन्डिएको छ, मिसाए फोहर, छुट्याए मोहर ।

■ विनोद घिमिरे/धनकुटा


धन्यवाद !